# जनकनन्दिनी गाउँपालिकाको

# १५ औं गाउँ सभा

## आ.व. २०८३/०८४

आयोजक
जनकनन्दिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खजुरी, धनुषा
मधेश प्रदेश, नेपाल

CS CamScanner

# आ.व. २०८३/०८४ को नीति कार्यक्रम तथा बजेट

जनकनन्दिनी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

खजुरी, धनुषा

CamScanner

## जनकनन्दिनी गाउँपालिकाको पन्धौं ऐतिहाँसिक गाउँसभा आ.व. २०८३/०८४ को लागी पेश भएको नीति, कार्यक्रम तथा बजेट सार्वजनिकीकरण :-

यस जनकनन्दिनी गाउँपालिकाको ऐतिहासिक गाउँ सभा २०८३/०८४ को नीति कार्यकम बजेट सार्वजनिकीकरणका सभा अध्यक्ष ज्यू,
उपस्थित गाउँसभासद ज्यूहरु,
विभिन्न सरकारी निकायका प्रतिनिधी ज्यूहरु,
इलाका प्रहरीकार्यालय खजुरीका प्रहरी निरिक्षक ज्यू,
सशस्त्र प्रहरी कार्यालय सिमा सुरक्षाबल खजुरीका प्रहरी पनिरिक्षक ज्यू,
शस्सत्र प्रहरी कार्यालय सिमा सुरक्षाबल ईनर्वाका प्रहरी निरिक्षक ज्यू,
श्री कृषि विकास बैंक खजुरीका प्रमुख ज्यू,
श्री हुलाक कार्यालय खजुरीका प्रमुखज्यू,
सम्पूर्ण वडा कार्यालयका कार्यालय प्रमुखज्यूहरु,
सम्पूर्ण सामुदायिक विद्यालयका प्र.अ.ज्यूहरु,
सम्पूर्ण स्वास्थ्य चौकीका प्रमुखज्यूहरु,
संचार कर्मीज्यूहरु
गाउँपालिका अन्तर्गतका सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु,

एवम् उपस्थित महानुभावज्यूहरु
महिला बालबालिका, आदिवासी जनजाती, पिछडावर्ग, ब्राह्मण, क्षेत्री, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, दलित लगायत विभिन्न वर्ग समूदायका व्यक्तित्व ज्यूहरु, नागरीक समाजका अगुवाहरु लगायत उपस्थित सम्पूर्ण महानुभाव ज्यू एवं दिदी बहिनिहरु,

जनकनन्दिनी गाउँपालिकाको पन्धौं ऐतिहासिक गाउँसभा आ.व.२०८३/०८४ को निति कार्यकम तथा बजेट सार्वजनिकीकरणका लागि हाम्रो निमन्त्रणालाई स्वीकार्य गरी उपस्थित हुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु ।

यस महत्वपूर्ण अवसरमा जनआन्दोलन, सशस्त्र जनयुद्ध, मधेश आन्दोलन लगायत विभिन्न लोकतान्त्रिक आन्दोलनहरुबाट स्थापित नेपालको संङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा योगदान पुर्याई जीवन अर्पण गर्नु भएका सम्पूर्ण ज्ञात अज्ञात वीर शहिदहरु तथा यस गाउँपालिकाका विकास प्रेमी एवम् बुद्धिजीवी पूर्व गाउँपालिका अध्यक्ष स्व. अब्दुल वारिक शेष लगायत वडा नं. २ बलहागोठका तत्कालिन वडा अध्यक्ष स्व.भोगेन्द्र पाठक र वडा नं. १ का तत्कालिन महिला सदस्य स्व. गंगावती देवी प्रति हार्दिक सम्मान र श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालमा सङ्घीय गणतन्त्रात्मक शासन व्यवस्थाको मार्गलाई नेपालको संविधानले अंगीकार गरी संघ प्रदेश र स्थानीय तहलाई राज्य शक्तिको श्रोत प्रयोग गर्ने अधिकार प्रदान भएको छ । नेपाल सरकारले लिएको **समृद्ध नेपाल, खुसि नेपाली** को नीतिलाई सार्थकतुल्याउन र यस गाउँपालिकालाई समृद्धीको बाटोमा लैजान **"समृद्ध जनकनन्दिनी, सक्षम नागरिक, उत्तरदायी सरकार"**को नीति अँगिकार गर्ने समेत प्रतिबद्धता व्यक्त गर्दछु ।

गाउँसभासद एवं उपस्थित महानुभावहरु,

<u>जनकनन्दिनी गाउँपालिकाको संक्षिप्त परिचय</u>

**"समृद्ध जनकनन्दिनी, सक्षम नागरिक, उत्तरदायी सरकार"** गाउँपालिका धनुषा जिल्लाको सदरमुकाम जनकपुर देखि करिब २४ कि.मि. पूर्व तर्फ महर्षि राजा जनककि सुपुत्री माँ सीताको पवित्र भूमि यस जनकनन्दिनी गाउँपालिका खजुरीको पावन भूमी हो । यस राष्ट्रिय जनगणना २०७८ का आधारमा गा.पा. मा कुल ५३७९ घरधुरी छन् भने परिवारको औषत आधार ५.०५ व्यक्ति प्रतिघर रहेको छ । राष्ट्रिय जनगणना २०७८ को आधारमा यस गाउँपालिकाको कुल जनसंख्या २७,१४६ रहेको छ भने यहाँको लैंगिक अनुपात ९१.४० पुरुष प्रति १०० महिला रहेको छ, यसको कुल जनघनत्व ९८३ रहेको छ । यसको साक्षरता अवस्था पुरुष ९८% र महिला ९७% प्रतिशत रहेको छ । यस आ.व. भित्र गाउँपालिकालाई साक्षर गाउँपालिका अनिवार्य रुपमा घेषणा गरिने छ । यसमा खास गरी यादव, केवट, दुसाध, मुसहर, चमार, मुस्लिम, पहाडी ब्राह्मण, मैथिल ब्रह्मण आदि जातीका बसोबास बढी पर्दछन् जो केही मात्रामा सरकारी नोकरी/बैदेशीक रोजगारमा बिदेशिएका छन् भने अधिकाँश कृषि/ज्याला मजदुरी गर्दछन् । जसको घरघडेरी छैन उनीहरु शिक्षा र चेतनाबाट टाढा छन् । यसमा खास गरेर दर्जनौ घरधुरी दलितको पर्दछ ।

जनकनन्दिनी गाउँपालिका धनुषा जिल्लाको कृषि प्रधान, बहुभाषिक, बहुसांस्कृतिक तथो सामाजिक विविधताले सम्पन्न स्थानीय तह हो। सीमित स्रोतसाधनका बाबजुद विगत वर्षहरूमा शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार तथा सुशासन क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल भएका छन् ।

आर्थिक वर्ष २०८३/०८४ मा **"समृद्ध जनकनन्दिनी, सक्षम नागरिक, उत्तरदायी सरकार"** भन्ने मूल नारालाई आत्मसात गर्दै विकास र समृद्धिको यात्रालाई अझ प्रभावकारी बनाइनेछ ।

सामाजिक सहिष्णुता एवं सदभाव कायम राख्नमा यहाँका संघसंस्थाले सकारात्मक भूमिका खेलेका छन् तथापी दाईजो प्रथा, बाल विवाह लेनदेनको व्यवहार कायम रहेको पाईन्छ । स्वास्थ्य सेवाको क्रममा स्थानीय स्वास्थ्य चौकीको निर्भरता र कडा रोग लागेमा मधेश प्रदेशको सदरमुकाम जनकपुरधाम एवम् छिमेकी मुलुक भारततिर स्वास्थ्य उपचारको लागी जानुपर्ने वाध्यता छ ।

<u>**विद्यमान अवस्थाको समिक्षा :-**</u>

<u>**सबल पक्ष :-**</u> यस गाउँपालिकाको सबल पक्षमा पर्यटकिय क्षेत्रका हिसाबले अतिनै उपर्युक्त ठाउँ रहेको छ । धार्मिक हिसाबले लक्ष्मीनारायण मन्दिर , रामसीताको पवित्र मन्दिर, काली मन्दिर लगायत ऐतिहासिक मठमन्दिरहरु एवं मदरसाहरु छन् । रंगशाला र म्यूजियम बनाउनको लागि संभावित डि.पि.आर. तयार गरि सम्वन्धीत निकायहरुमा पहल भईसकेको छ । यातायातको क्षेत्रमा नेपालको एकमात्र रेल मार्ग सेवा बाट यस जनकनन्दिनी गाउँपालिकाका आम जनता समेत लभांवित भएका छन् । नेपालको दुई जिल्ला धनुषा र सिरहा जोड्ने कमला नदिमा निर्माण भएको नेपालकै दोस्रो लामो झोलङ्गे पुलले स्वदेशी तथा वैदेशिक पर्यटनमा समेत टेवा पुगेको छ । सथै यातायतको रुपमा बस, टेम्पु आदी संचालनमा छ ।

CamScanner

दुर्बल पक्ष :- रेल्वे मार्गको विकल्पमा रहेको हुलाकी राजमार्गको जोड्ने बाटो संघ सरकारबाट विगत लामो समय देखि बन्दैआए तापनि हालसम्म पुरा हुन नसकेको कारणले यातायातमा सर्वसाधारणको पहुँचको कमी देखिन्छ । साथै कमला नदीमा पक्की पुल नहुनाले धनुषा र सिरहा दुवै तर्फको जनताहरुमा समेत आवत आजवतको असुविधा रहेको देखिन्छ ।

**समग्रमा साकारात्मक उपलब्धि हुँदाहुदै पनि अर्थतन्त्रमा देखिएका चुनौतीहरु यस प्रकार प्रस्तुत गरेकी छु ।**

आयोजनाको अधुरो तैयारी कमजोर व्यवस्थापकीय क्षमता वित्तिय र प्राविधिक क्षेत्रको कमी कानूनी र नीतिगत प्रक्रियाको जटिलता यसै गरी निंजी र सहकारी क्षेत्रको लगानी र सहकार्यबाट उत्पादकत्व र उत्पादन वृद्धि गर्ने चुनौती छ । यसै गरी सक्षम सुपरिवेक्षण र सघन अनुगमनको अभावले निर्माण भएका संरचनाहरु छोटो समयमा जिर्ण हुन गएको छ । सार्वजनिक निर्माणको गुणस्तर वृद्धि गर्नुपर्ने र दोहोरो खर्च रोक्नुपर्ने कार्य चुनौती पूर्ण छ ।

हाम्रो सामु विभिन्न चुनौतीहरु रहे तापनि विद्यमान अवसरहरुको सदुपयोग र चुनौतीहरुको सामना गर्ने गरी आर्थिक वर्ष २०८३/०८४ को वजेट तयार गरेकी छु ।

आदरणीयउपस्थित महानुभावहरु

जनकनन्दिनी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति कार्यक्रम तथा वजेट तर्जुमा गर्दा निम्न आधारहरु लिएकी छु ।

- नेपालको संविधानको भाग - ४ मा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु
- नेपालको संविधानको धारा ५९ को आर्थिक अधिकार र भाग १९ को आर्थिक कार्य प्रणाली
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ संसोधन समेत
- नेपालको संविधानको अनुसूची ८ बमोजिम कर लगाउन पाउने क्षेत्र
- नेपाल सरकारको आवधिक योजना, दीर्घकालिन क्षेत्रगत नीतिहरु
- सहश्राव्दी दिगो विकास लक्ष्य,
- स्थानीय सरकार संचालन ऐन, २०७४
- श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिको श्रोत र वजेट अनुमान
- राजश्व परामर्श समितिको प्रतिवेदन २०८२
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५
- अन्तर सरकारी वित्त व्यवस्थापन, आर्थिक कार्यविधि र सार्वजनिक खरिद ऐन तथा नियमावलीको संग्रह

CS CamScanner

**मार्गदर्शक सिद्धान्त**

क.संविधानको पूर्ण पालना गरिने छ।
ख.सुशासन र पारदर्शिता कायम गरिने छ।
ग.समावेशी विकास गरिने छ।
घ.सामाजिक न्याय गरिने छ।
ङ.लैङ्गिक समानता कायम गरिने छ।
च.वातावरणीय दिगोपन अवलम्बन गरिने छ।
छ.स्थानीय स्रोतको अधिकतम उपयोग गरिने छ।
ज.नागरिक सहभागिता गराईनेछ।

**विकाससँग समसामयिक मुद्दाहरु निम्नानुसार छ**

समाजिक संरक्षण, दीगोविकास, जलवायु परिवर्तन र विशिष्ट व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री स्थानीयशासन र वातावरण, खुला दिशामुक्त तथा पूर्ण सर-सफाई, उर्जा संकट तथा अन्य सम्बन्धित विषयहरु

- स्थानीय परिस्थिति अनुसार यस जनकनन्दिनी गाउँपालिकाको आवश्यक विषयहरु

अब म कृषि, शिक्षा, रोजगार, सुशासन र सामाजिक न्यायमा आधारित समुन्नत जनकनन्दिनी निर्माण। सहितको उदेश्य साथ यस गरिमामय सभा समक्ष आ.व. २०८३/०८४ को नीति, कार्यक्रम तथा वजेट तर्जुमामा लिएका वर्तमान वजेटको प्राथमिकताहरुको संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु। विस्तृत विवरण पछि पुस्तकमा प्रकाशित गर्नेछु ।

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने ,
- गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूती गराउँदै आम नागरिकको जीवनस्तर अभिवृद्धि गर्ने,
- लगानीमैत्री वातावरण मार्फत उत्पादनमूलक क्षेत्रहरुमा रोजगारी अवसरहरुको सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने,
- सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय श्रोत साधनमा आधारित भै जनसहभमगिताको अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता , सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने,
- दिगोविकास र वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने,
- मिथिला कला र संस्कृतिको पहिचान गर्ने प्रवद्धन गर्ने,
- स्थानीय नागरिकको योगदानलाई सम्बोधन गर्ने,
- जनताको जीवनस्तरमा प्रत्यक्ष फाइदा हुने , आयआर्जन गर्न तथा रोजगारीमा वृद्धिगर्ने,

CamScanner

- गरिबी निवारण कोषलाई सहकारी संस्थाको माध्यमबाट अझ रोजगारीको लागि वृद्धि गर्ने,
- स्वच्छ खानेपानी, सरसफाई, पर्याप्त आधुनिक उर्जा सहितको सुरक्षित तथा व्यवस्थित मानव बसोबासमा जोड दिने,

**उपस्थित महानुभावहरु,**

माथि उल्लेखित प्राथमिकीकरणका आधारमा जनकनन्दिनी गाउँपालिकाले आ.व. २०८३/०८४ को लागि तय भएका प्रमुख क्षेत्रगत नितीहरु प्रस्तुत गर्न चाहन्छु।

## १. आर्थिक विकास नीति

### १.१ कृषि तथा पशु तर्फ

जनकनन्दिनीको अर्थतन्त्रको मेरुदण्ड कृषि भएकाले कृषि आधुनिकीकरणलाई प्राथमिकता दिइनेछ।
कार्यक्रमहरू
१."एक वडा एक उत्पादन" कार्यक्रम सञ्चालन।
२.एक वडा एक कृषि र पशु प्राबिधिक कर्मचारिको व्यबस्था
३.कृषि तथा पशु प्राबिधिकलाई किसानको घर दैलोमा सेवा दिन परिचालन गरिने
४.व्यावसायिक तरकारी खेती गर्न प्रेरित गरि सुरक्षित कृषिबजारको स्थापना गर्ने नीति लिएको छ।
५.धान, गहुँ, मकै र दलहन उत्पादन वृद्धि कार्यक्रम।
६.कृषि यान्त्रीकरणमा ५० प्रतिशतसम्म अनुदान।
७.आवश्यकताको आधारमा कृषि सडक निर्माण।
८.कृषि बीमा शुल्कमा अनुदान।
९.किसान परिचयपत्र वितरण।
१०.किसानलाई समय समयमा सुचना दिन कृषि सूचना केन्द्र स्थापना।
प्रमुख लक्ष्य
१.कृषि उत्पादकत्व १५ प्रतिशत वृद्धि।
२.१,००० किसानलाई आधुनिक कृषि तालिम।
३.५०० हेक्टरमा व्यावसायिक खेती विस्तार
१.२ पशुपन्छी विकास
१.पशु स्वास्थ्य शिविर सञ्चालन।
२.कृत्रिम गर्भाधान सेवा विस्तार।
३.डेरी उद्योग प्रोत्साहन।
४.बाखा तथा कुखुरा पालन कार्यक्रम।
५.पशु बीमा अनुदान।
६.आधुनिक पशु गोठ निर्माणका लागि आबश्यक प्राविधिक तथा आर्थिक अनुदान उपलब्ध गराउने।

७.कृषकद्वारा उत्पादित पशु बस्तु बेच बिखन र निकासी गर्न किसानलाई सहज वातावरण बनाइदिने ।

साथै माथि उल्लेखित वाहेक देहायका कार्यहरु समेत लाई प्राथमिक्ता दिईने छ ।

- परम्परागत निर्वाहमुखि खेती प्रणालीलाई व्यावसायीक कृषि प्रणाली तर्फ उन्मुख गरिनेछ ।
- यस जनकनन्दिनी गाउँपालिका भित्र रहेका १ विघा भन्दा कम जमिन भएका कृषकहरुको लागिं नि : शुल्क कृषि मिटरको व्यवस्था गरिनेछ ।
- कृषि उत्पादनमा उल्लेख्य बृद्धि ल्याउन आधुनिक कृषि प्रणाली तथा औजार उपकरणहरुको प्रयोग गरिनेछ ।
- स्थान विशेषको आधारमा उत्पादन पकेट क्षेत्र निर्धारण गरी खाद्यान्न, तरकारी, फलफूल आदिको उत्पादन सम्भाव्यता अध्ययन अनुसन्धान, संकलन, प्रशोधन, भण्डारणको उचित व्यवस्था मिलाईनेछ ।
- कृषकहरुलाई आवश्यक पर्ने मल, विउ, औजार उपकरणहरु सरल र सहज ढंगबाट उपलब्ध गराईनेछ ।
- व्यवसायीक कृषि उत्पादनमा उल्लेख्य वृद्धि ल्याउन आवश्यक्तानुसार व्यवसायीक कृषकहरुलाई प्रोत्साहन स्वरुप विभिन्न प्रकारका अनुदानहरु उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।
- अर्गानिक खेती कार्यक्रममा आवश्यक सहयोग गर्दै यस गाउँपालिकामा यूवा स्वरोजगार कार्यक्रम संचालन गर्न सम्बन्धीत निकायमा पहल गरिनेछ ।
- कृषि सहकारितालाई प्रोत्साहित गर्दै उत्पादकत्व वृद्धि गर्न सबै खाले सहयोग गरिनेछ ।
- उन्नत पशुपालन, पशु बिमा, गोठ सुधार जस्ता कार्यक्रमहरु संचालनमा विशेष पहल गरिनेछ ।
- यस गाउँपालिका क्षेत्र भित्र रहेको बजारहरुलाई व्यवस्थित गरि उचित व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका भित्र उत्कृष्ट कृषि, माछापालन , पशुपालन फार्म निमार्णको लागि फार्म मार्फत खेति गरिने कृषकलाई पुरस्कृत गरिने व्यवस्था मिलाईनेछ ।
- पशुपालन व्यवसायबाट उत्पादन हुने स्वस्थ र ताजा माछा, मासु, दुग्ध जन्य पदार्थहरु प्रसस्त मात्रामा उपलब्ध गराउन वातावरण अनुकूलका उपयुक्त स्थानको छनौट गरिनेछ ।
- मासु जाँच ऐन सम्बन्धि मापदण्डहरुको पालना गर्दै व्यवस्थित पशु बधशाला को व्यवस्था गरिनेछ ।
- वडागत रुपमा बजार क्षेत्रको पहिचान गरी पंक्षी तथा मासु एवं दुध जन्य पदार्थको आपूर्तिमा सहजता ल्याईनेछ ।
- गाउँपालिका क्षेत्रमा प्रसस्त मात्रामा पशु जन्य पदार्थ उत्पादन गर्न कृषकहरुलाई प्रेरीत गर्नुका साथै आवश्यक तालिम, अध्ययन अनुसन्धान, अवलोकन आदिको उचित प्रबन्ध मिलाईनेछ ।

## १.२ उघोग तथा वाणिज्य (Trade and Commerce)

- आयआर्जन वृद्धिका लागि सीप विकास तालिमको अवसर जुटाइ उद्यमशिलता विकासमा जोड दिईनेछ ।
- गाउँपालिका क्षेत्रभित्र लघु उद्योग, घरेलु उद्योग तथा साना र ठूला उद्योग स्थापनाका लागि प्रोत्साहित गरिनेछ ।
- समय समयमा व्यापार व्यवसाय मेला/महोत्सव आयोजना गराई सबै खाले व्यापार व्यसायको प्रर्वधन गरिनेछ ।
- सस्तो, सुलभ तथा सुपथ बजार व्यवस्थापनको लागि अनुगमनलाई व्यवस्थीत बनाईनेछ ।
- राज्यको समाबेशी नीति अनुसार प्राथमिकतामा परेको जाती तथा समुदायलाई लघु तथा साना उद्यम व्यवसाय संचालनका लागि प्रोत्साहन गरिनेछ ।
- उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने ।
- गाउँपालिकाको अर्थतन्त्रको विकासका लागि सबैखाले उद्योग धन्दा र साधन स्रोतको संरक्षण र प्रवर्धन गरि स्थानीय श्रम, सिप र कच्चा पर्दाथमा आधारित लगानीलाई उच्च प्राथमिकता दिईनेछ ।
- गाउँपालिका क्षेत्र भित्र संचालन हुने विभिन्न खालका उद्यम व्यवसायहरुको दर्ता तथा नियमन गरिनेछ ।
- छिमेकी स्थानीय तहहरुसंगको समन्वयमा तुलनात्मक रुपमा फाइदा पुग्ने उद्यम व्यवसायहरु साझेदारिमा संचालन गर्ने र गर्नका लागि उद्योगी, व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ ।
- कालावजारी ,एकाधिकार ,कृतिम अभाव सृजना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यलाई पूर्ण रुपमा अन्त्य गर्दै व्यपारिक स्वच्छता र अनुशासन कायम गरि उपभोक्ताको हित संरक्षण गरिनेछ ।
- साझेदार संस्था तथा वैदेशिक संघ संस्थाबाट सहायता लिदा गाउँपालिकाले पहिचान गरेको प्राथमिकतालाई आधार मानी उक्त सहयोगलाई एकमुष्ट वजेट ( Basket Fund ) मा समाबेश गरि सम्बन्धीत क्षेत्रमा नै उक्त सहयोग खर्च गरिनेछ ।

**यस वाहेक देहाय बमोजिमका कार्यहरु समेत प्रथमिक्ता दिईने छ ।**

१.सहकारी संस्थाको प्रभावकारी नियमन गर्ने व्यबस्था गर्ने।
२.कृषि वस्तु उत्पादनमुखी सहकारीलाई प्रोत्साहन गर्ने।
३.किसान लगायत सवै पालिकावासी लाई वित्तीय साक्षरता अभियानमा संलग्न गराउने।
४.महिला तथा युवा बचत समूह प्रवर्द्धन गरि त्यस्तो बचत लाई
५.उत्पादन मुखी काममा प्रयोग गर्न अभिप्रेरित गर्ने

CamScanner

**१.३ पर्यटन(Tourism)**

१.घरेलु तथा साना उद्योग प्रवर्द्धन।

२.आबश्यकता अनुसार युबा युवतीहरुलाइ उद्यमशीलता विकास तालिम ।

३.स्थानीय उत्पादनको ब्रान्डिङ गर्न उत्पदक लाई प्राबिधिक सहयोग ।

पर्यटन

१.मिथिला संस्कृति संरक्षण गर्ने गरि मिथिला कलाको जगेर्ना गर्ने ।

२.युवा युवतीलाई मिथिला कला र कृतिहरुको बारेमा अध्यापन गराउने ।

३.मिथिला कलाकृतिको माध्यमबाट धार्मिक तथा सास्कृतिक पर्यटन प्रवर्द्धन ।

४. पालिकाको क्षेत्रभित्र बर्षमा एक पटक मिथिला कला झल्काउने सांस्कृतिक महोत्सव आयोजना गर्ने।

५.स्थानीय पर्यटकीय स्थलहरूको विकास गर्ने ।

६.पर्यटन बिकासकालागी नयाँ अबधारणाको खोजी गरि त्यस्को बिकासमा जोड दिने ।

यसका साथै

- पर्यटक प्रवर्द्धनको लागि गाउँपालिकामा प्रमुख पर्यटकीय स्थलहरुको खोजी गरी पूर्वाधारको विकास गरिनेछ ।
- आन्तरीक र वाह्य पर्यटनमा टेवा पुर्याउने उदेश्यले नेपालकै दोस्रो लामो कमला नदीको झोलुंगे पुल वरपरका क्षेत्रहरुको संरचनात्मक सुधारमा जोड दिईने छ ।
- पर्यटन क्षेत्र विकासका लागि नेपालको एकमात्र रेल मार्ग रहेको यस पालिकामा रेल म्युजिमको लागि आवश्यक पहल गरिने छ ।
- गाउँपालिकाभित्र रहेका सबै मठमन्दिर, मस्जिद सबैको अभिलेख तयार गरी संरक्षण तथा सुधारका कार्यक्रमहरु संचालन गरिने छ ।

**१.४ सहकारी,गरिबी न्यूनीकरण तथा उद्यमशीलता विकास नीति**

- गरिबीको रेखा मुनी रहेका स्थानीयहरुको पहिचान गरी नेपाल सरकार , सहकारी संस्था र गैर सरकारी संघ संस्थाहरुको समनव्य र साझेदारीमा आयमूलक तथा शीपमूलक कार्यक्रमहरु सञ्चालन गरिने छ । सहभागिताको माध्यमबाट गाउँपालिका क्षेत्रको गरिबी न्यूनीकरण एवम् सामाजीक पूँजी निर्माणका कार्यक्रम संचालन गर्न जोड दिइनेछ ।
- गाउँपालिकाको छ वटै वडाहरुमा विभिन्न प्रकृतिका स्थान अनुकूल सहकारी संस्थाहरुको स्थापना गरी नागरिकहरुको आर्थिक तथा सामाजिक विकासमा जोड दिईनेछ ।
- स्थापना गरिएका सबै सहकारी संस्थाहरुको नियमित अनुगमन तथा नियमन कडाईका साथ गरिनेछ ।
- विभिन्न सहकारी तथा वित्तिय संघ संस्थाहरुबाट सर्व सुलभ ढंगबाट ऋण प्राप्त गर्ने व्यवस्था मिलाई नागरिकहरुलाई हरेक क्षेत्रमा व्यवसायीक बन्न प्रेरीत गरिनेछ ।

CamScanner

- सहकारी संस्थाहरुबाट रेमिटान्स सेवा संग आवद्ध गरी सहकारी संस्थाहरुबाट रेमिटान्स सेवा उपलब्ध गराउन समेत उत्प्रेरीत गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र रहेका बैंक तथा वित्तिय संस्थाहरु र सहकारी संस्था आदिलाई समय समयमा लोक कल्याणकारी कार्यहरु गर्नको लागि परिचालन गरिनेछ ।
- गरिबी निवारण कोष लगायत अन्य सरकारी तथा गैह् सरकारी संघ संस्थाबाट आयआर्जन वृद्धि गर्नको लागि प्राप्त हुने रकम सहकारीकरण गरी आयमूलक कार्यक्रममा परिचालन गर्न पहल गरिने तथा थप रोजगारीको सृजना गरिने छ ।
- गाउँपालिकामा गठन हुने टोल विकास संस्था लगायतका सामुदायिक संघसंस्थाको कार्य प्रणालीलाई अझ प्रभावकारी बनाई गाउँपालिकाको समग्र विकास प्रकृयामा सहभागी गराइनेछ ।
- सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै गाउँपालिका विकासमा आर्थिक एवं समाजिक विकासमा अधिकत्तम परिचालन गरिनेछ ।

## २. सामाजिक विकास नीति

### २.१ शिक्षा (Education)

- शिक्षा क्षेत्रमा एकरुपता ल्याउन वार्षिक शैक्षिक क्यालेंण्डरको व्यवस्था गरिनेछ ।
- विद्यालयहरुको भौतिक संरचना निर्माणमा सहयोग उपलब्ध गराईनेछ ।
- जोखिममा परेका वा आर्थिक अवस्था कमजोर भएका जेहेन्दार बालबालीकाहरुलाई छात्रवृत्तीको व्यवस्था मिलाईनेछ ।
- प्राथमिक उमेर समूहका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न गराउन प्रोत्साहित गरी साक्षरता शत प्रतिशत पुऱ्याउनको लागी पहल गरिनेछ ।
- राष्ट्रिय साक्षरता अभियानलाई उपलब्धिमूलक बनाउन जिल्ला समन्वय समिति तथा गै.स.स. जस्तै आसमान नेपालको शिक्षा प्रोजेक्ट लगायत अन्य गै.स.स. संस्थाहरुसँग समन्व्य तथा सहकार्य गर्दै अनुगमन , मूल्यांकन पद्धतिलाई व्यवस्थित र सुदृढ बनाईनेछ ।
- प्राविधिक शिक्षा तथा उच्च शिक्षाको भौत्तिक पूर्वाधार विकास तथा स्तरोन्नतिको लागि विकास साझेदारहरुसँग समेत समन्व्य गरी व्यवस्थापन गरिनेछ ।
- सामुदायिक विद्यालयको पूर्वाधार विकास र स्तरोन्नतिको लागि आवश्यक सहयोग र सरोकारवालाहरु सँग समन्वय गरी व्यवस्थित गर्दै लगिने छ ।
- **एक वडा एक पुस्तकालय** अन्तर्गत वडा नं. ३ र ४ मा पुस्तकालय संचालनमा रहेको र बाँकी वडामा स्थापना गर्ने कार्यक्रम रहेको छ ।
- सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक दरवन्दी मिलान गरिने छ ।
- जनकनन्दिनी गाउँपालिका वडा नं. ५ पतनुका एवम् वडा नं. ४ खजुरीका विद्यालय उमेर समूहका सम्पूर्ण बच्चाको शतप्रतिशत विद्यालय भर्ना गराउन सक्षम भएको छ । त्यसै गरि आगमी आ.व.मा

अन्य वडाहरु समेत यसको दायरामा ल्याईने छ ।

- जनकनन्दिनी गाउँपालिका वडा नं. ५ पतनुका एवम् वडा नं. ४ खजुरी बालविवाह मुक्त वडा घोषण समेत भईसकोको छ । त्यसै गरि आगमी आ.व.मा अन्य वडाहरु समेत यसको दायरामा ल्याईने छ ।
- यस जनकनन्दिनी गाउँपालिका भित्रका २० (विस) वर्ष पुरा गरि कक्षा १२ समेत उतिर्ण गरेकी छात्राहरुको विवाह पश्चात प्रोत्साहन स्वरुप रु. २५०००।- (पचिस हजार) प्रदान गरिने भएको छ ।

यसका साथै निम्नानुसारका उदेश्य, लक्ष्य प्राप्ती गर्ने ध्येय समेत राखिएको छ ।

उद्देश्य

"गुणस्तरीय, प्रविधिमैत्री, जीवनोपयोगी तथा रोजगारमुखी शिक्षा ।"

कार्यक्रमहरू

१.सबै विद्यालयमा इन्टरनेट पहुँच ।

२.स्मार्ट कक्षा सञ्चालन ।

३.विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना ।

४.शिक्षक क्षमता विकास तालिम ।

५.छात्रवृत्ति कार्यक्रम विस्तार ।

६.विद्यालय अनुगमन प्रणाली सुदृढीकरण ।

७.पालिकामा भएका माध्यमिक विद्यालय मध्य एउटा बिधालयलाई आवासिय नमुना बिध्यालय बनाउन यसै बर्षबाट शुरु गर्ने ।

विशेष कार्यक्रम

"पढौं जनकनन्दिनी अभियान"

१.कक्षा १-८ का विद्यार्थीको सिकाइ उपलब्धि सुधार ।

२.विद्यालय बाहिर रहेका बालबालिकाको विद्यालय भर्ना ।

लक्ष्य

१.विद्यालय भर्नादर १०० प्रतिशत ।

२.आधारभूत शिक्षा उत्तीर्ण दर ९५ प्रतिशत ।

## २.२ स्वास्थ्य तर्फ

- स्वास्थ्य केन्द्र खजुरीमा संचालित **Birthing center** लाई प्रभावकारी व्यवस्थापन गरिने छ ।
- स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारमा सुधार गरी अन्तराष्ट्रिय मापदण्ड अनुरुप बनाइने छ ।
- सरकारी तथा निजि स्वास्थ्य संस्थाहरुको सक्रियतामा विशेषज्ञ सेवा सहित विभिन्न समयमा घुम्ती शिविरहरुको आयोजना गरिनेछ ।
- नेपाल सरकारबाट प्राप्त अनुदान र गाउँपालिकाको श्रोत साधनको अधिकत्तम उपयोग गरी

CamScanner

गाउँपालिका क्षेत्रभित्र रहेका सबै सामुदायिक संस्थाहरुबाट निःशुल्क स्वास्थ्य जाँच तथा औषधी वितरणको व्यवस्था अझ प्रभावकारी बनाईने छ।

- गाउँपालिकावासीको स्वास्थ्य उपचारमा सहज पहुँचको लागि स्वास्थ्य वीमा कार्यक्रम थालनी गरी निशुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाइने छ।
- **"योग गरौं स्वस्थ्य बनौं"** भन्ने भावना जागरण गराउन सबै वडामा योग केन्द्र स्थापना गर्ने कार्यको प्रारम्भ गरिने छ।
- जनकनन्दिनी गाउँपालिका वडा नं. ५ पतनुकाको उद्या टोलमा १५ शैयाको अस्पताल निर्माण कार्य अन्तिम चरणमा रहेको छ।
- बहुक्षेत्रीय पोषण कार्यकमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुको साथै लक्षित वर्ग पहिचान गरि पोषण विशेष तथा पोषण संवेदनशिल कार्यक्रम गरी पोषण मैत्री स्थानीय शासनको प्रवर्द्धन गरिने छ।
- सार्वजनिक निजी साझेदारी अभियान अन्तर्गत स्वास्थ्य सेवा संचालनलाई प्राथमिकता दिईनेछ।
- स्वस्थकर मासु, फलफुल तथा तरकारी बिकी वितरणको लागी मापदण्ड अनुसारको पसल संचालन तथा अनुगमन गरिनेछ।
- यस गाउँपालिका अन्तर्गत आकस्मिक स्वास्थ्य सेवा प्रयोजनका लागि एम्वुलेन्सको नियमित व्यवस्था गरिएको छ साथै सुतकेरीलाई गाउँपालिको बर्थिङ सेन्टर सम्म ल्याउन एवम् बर्थिङ सेन्टरबाट सोझै जनकपुर रिफर गरेमा समेत नु : शुल्क एम्बुलेन्सको व्यवस्था गरिएको छ।
- यस जनकनन्दिनी गाउँपालिकाको पहलमा जनकनन्दिनी नागरिक आरोग्य केन्द्र स्थापना भएको छ। जसवाट आयुर्वेदिक उपचार समेतको व्यवस्थापन भएको छ।
- यस जनकनन्दिनी गाउँपालिकामा जनकनन्दिनी जनस्वास्थ्य प्रयोगशाला स्थापना भई सर्व साधारणको लागि प्याथोलोजीको समेत व्यवस्थापन गरिएको छ। साथै गर्भवती र सुतकेरीलाई आवश्यक पर्ने चेक जाँच नि : शुल्क रुपमा गरिने छ।
- यस जनकनन्दिनी गाउँपालिकाको पहलमा जनकनन्दिनी खजुरी बर्थिडसेन्टरमा १ थान USG (भिडियो एक्से) को व्यवस्था गरिएको छ। जसमा गर्भवती महिला दिदिवहिनीहरुको लागि नि : शुल्क जाँचको व्यवस्था समेत गरिएको छ।
- वहुक्षेत्री पोषण योजना तेस्रो (:क्ल्ए क्ष्क्ष्क्ष्) तथा पोषण मैत्री स्थानीय शासनलाई संस्थागत गर्दै सुनौलो हजार दिनका महिला, किशोरी तथा बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउन स्वास्थय, कृषि, शिक्षा, खानेपानी तथा सरसफाई, महिला तथा सामाजिक विकाश क्षेत्र विच समन्वय र सहकार्यमा आधारित कार्यकम संचालन गरिने छ।
- पोषण सम्वन्धी कार्यकमका लागि आवश्यक बजेट सुनिश्चित गरि पोषण युक्त, स्वास्थ्य र समृद्ध पालिका निर्माण गरिने छ।
- सेवा प्रवाहको निम्ती १(एक) थान शव-वाहनको व्यवस्था गरिनेछ।

यसका साथै,

१.पालिकाभित्र सर्पदन्स उपचार यसै बर्षबाट सुरु गर्ने ब्यबस्था मिलाइने छ ।

२.अशक्त, अपाङ्गता भएका ब्यक्ती र ज्येस्ठ नागरिकहरु लाई घर दैलोमा नियमित स्वास्थ्य जांचको ब्यबस्था मिलाइने छ। ।

३.प्रत्येक वडामा नियमित स्वास्थ्य शिविर संचालन गरिने छ।

४.मातृ तथा शिशु स्वास्थ्य सेवा विस्तार गरिने छ ।

५.किंशोरी स्वास्थ्य कार्यक्रम संचालन गरिने छ ।

६कुपोषण न्यूनीकरण कार्यक्रम संचालन गरिने छ ।

विशेष कार्यक्रम

१."स्वस्थ ज़नकनन्दिनी अभियान"

२.निःशुल्क मधुमेह परीक्षण ।

३.उच्च रक्तचाप परीक्षण ।

४.क्यान्सर स्क्रिनिङ शिविर ।

लक्ष्य

१.मातृ मृत्युदर शून्यतर्फ उन्मुख ।

२.पूर्ण खोप दर १०० प्रतिशत ।

३.स्वास्थ्य प्रती नागरिक लाई सचेत हुन प्रेरित गर्ने ।

## २.३ खानेपानी तथा सरसफाई

- स्वच्छ खानेपानी पहुँच कायम गर्न संभाव्यता अध्ययन गरी आरसेनिक जाँच गराइने छ ।
- पहिचान गरिएका स्थानमा विभिन्न प्रकारको मैत्रीपूर्ण सार्वजनिक शौचालयहरुको निर्माण गरिनेछ ।
- सरसफाईको लागी मानिसहरुको वानी व्योहोरामा आमूल परिवर्तन (**Total Behaviour Change** ) गर्न गाउँपालिका क्षेत्र भरी नै जनचेतना मूलक कार्यक्रमहरु संचालन गरी फोहोर फाल्ने भाडोको व्यवस्था गरिने छ ।
- गाउँपालिकाको मुख्य चौक तथा सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गर्ने अवधाारणहरुको विकास गरिने छ । यसमा निजी तथा अन्य क्षेत्रको सहयोगमा शौचालय व्यवस्थापन आवश्यक प्रवन्ध समेत मिलाइने छ ।
- ढल, नाला तथा ल्याण्डफिल साईट व्यवस्थापनमा आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र नेपाल सरकारले तोकेको मापदण्ड विपरितका प्लाष्टिक झोलाको प्रयोगलाई प्रतिवन्ध गरी सार्वजनिक निजी साझेदारी **(3Ps)** मोडेलको अवधारणा अनुरुप वातावरणमैत्री झोला प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र फोहोरमैला व्यवस्थापन नियमावली, २०७० को प्रभावकारी

CamScanner

कार्यान्वयन गरी जनचेतना अभिवृद्धि गर्दै **सफा सुन्दर अपन जनकनन्दिनी**को रुपमा विकास गरिनेछ। यसका लागि गाउँपालिकाका सबै वालक्लबहरु, टोल विकास संस्थाहरु, आमा समूहहरु लगायत सम्पूर्ण सहयोगी शुभेच्छुकहरुको सहयोगमा सफा गाउँपालिका बनाउने कार्यको थालनी गरिनेछ।

**यसका साथै,**

१.सुरक्षित खानेपानीमा सबै नागरिकको पहुँच बढाइने छ।

२.आर्सेनिक परीक्षण अभियान संचालन गरिने छ।

३.विद्यालयमा स्वच्छ खानेपानी व्यवस्थापन गरिने छ।

४.फोहोर व्यवस्थापन प्रणाली स्थापना गरिने छ।

लक्ष्य

१.१०० प्रतिशत घरधुरीमा सुरक्षित खानेपानी प्रवाहको व्यवस्था मिलाईने छ।

## २.४ समावेशीकरण/गरिबी निवारण तथा कला संस्कृतितर्फ

- बाल सुरक्षा केन्द्र, महिला सुरक्षा केन्द्र र ज्येष्ठ नागरीकको सेवा केन्द्र स्थापनाको लागी आवश्यक पहल गरिनेछ।
- महिला शसक्तिकरण सबै प्रकारका हिंसा विरुद्धमा जनचेतना, मानव अधिकार तथा प्रचलित कानूनको जनचेतना अभिवृद्धि गरिनेछ।
- महिला विरुद्धको लैंगिक तथा घरेलु हिंसा, महिला हक हित तथा सीप विकास, गृहिणी महिलाहरुको लागी वातावरणमैत्री सचेतना कार्यक्रम संचालन गरिनेछ।
- बाल विकास केन्द्र खडा गरी आवश्यक पाठ्य सामग्री उपलब्ध गराइने छ।
- यूवाहरुलाई सीपमूलक र व्यववसायिक तालिम प्रदान गरी स्वरोजगार बन्न अभिप्रेरित गरिने छ।
- वालश्रम उन्मूलन तथा बाल अधिकारसँग प्रत्यक्ष सम्बन्ध राख्ने कार्यक्रमलाई अगाडी बढाइने छ। ज्येष्ठ नागरीकको सम्मान कार्यक्रमलाई अभिवृद्धि गरिँदै लगिने छ।
- महिला, वालिका र अन्य लक्षित समुदायहरुको क्षमता विकास सम्बन्धि कार्यलाई प्राथमिकता दिईने छ।
- लघु उद्यम विकासलाई टेवा पुर्याउन पालिकाबाट पनि आवश्यक साझेदारीको व्यवस्था गरी नयाँ उधमीहरु बढाउनमा जोड दिईने छ।
- महिला तथा विपन्न वर्गको शसक्तिकरणका लागि आवश्यक तालिम तथा लोकसेवा तयारी कक्षा संचालन गरिने छ।
- **“जनकनन्दिनीको चाहना - घर घरमा सहाना”** भन्ने अभिप्रायले स्नाकोत्तर उर्तीण गर्ने छोरी तथा वुहारीलाई प्रोत्साहन गर्दै अभिभावकलाई सम्मान गर्ने कार्यक्रमको थालनी गरिने छ।

CamScanner

- महिला, बालबालिका, यूवा, पछाडी पारिएका, आदिवासी /जनजाती, दलित, मधेशी, मुस्लिम, पिछडा वर्ग, भिन्न क्षमता भएका व्यक्ति, लैगिंक अल्पसंख्यक, जेष्ठ नागरीकहरुको सशक्तिकरण, क्षमता विकास तथा शीप विकासका लागि सिपमूलक एवं जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- यूवालाई तालिम दिन उद्यमशिलता विकास कोष स्थापना गरि साझेदारीहरु समेतको सहभागितामा उद्यम विकास कार्यक्रम संचालन गरिने छ ।
- जेष्ठ नागरीक परिचय पत्र वितरण कार्य परिमार्जन सहितको तत्काल आरम्भ गरिने छ ।
- गाउँपालिका साँस्कृतिक केन्द्रको स्थापना गरी कला साहित्यको जर्गेना तथा विकास गरिनेछ ।
- भूमीहीन किसानहरुको पहिचान गरी उचित व्यवस्थापनको लागि सबैखाले पहल गरिनेछ ।
- गाउँपालिका बालमैत्री, पूर्णखोप, पूर्ण घटना दर्ता गाउँपालिका घोषणा गर्न कार्यक्रम संचालन गरिने छ ।
- सबै खाले छुवाछुत तथा सामाजिक विभेदलाई पूर्ण रुपमा अन्त्य गरिने छ ।
- लक्षितवर्ग तथा सामाजिक समावेशीकरण तर्फ लक्षित समूहलाई सशक्तिकरण गरी माँगमा आधारित कार्यक्रमलाई अझ प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- यस जनकनन्दिनी गाउँपालिका अन्तर्गतका गरिब तथा विपन्नलाई गाउँपालिका/वडाले सिफारिस गरेको आधारमा जनताहरुको लागि निः शुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिने छ ।

## २.५ मानव संशाधन विकास नीति

- गाउँपालिकामा सञ्चालन हुने कार्यक्रमहरुमा प्रभावकारीता ल्याउन गैर सरकारी संस्था डेस्क सुदृढीकरण गरी गाउँपालिकाको निर्माणमा गैरसरकारी संस्थाको भूमिका थप प्रभावकारी बनाउने कार्य गरिने छ ।
- गैरसरकारी संस्थासँग साझेदारीमा विविध जनचेतना एवं विकासात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- जनतामा प्रवाह गरिने सेवालाई थप प्रचावकारी बनाउन सरकारी तथा गैर सरकारी संस्थामा संलग्न जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**यसका साथै,**

१.महिला उद्यमशीलता विकासमा जोड दिने ।
२.लैङ्गिक हिंसा न्यूनीकरणमा जोड दिने ।
३.सीप विकास तालिममा जोड दिने ।

विशेष कार्यक्रम

१."छोरी आत्मनिर्भर कार्यक्रम"
२.किशोरी सीप विकास ।

३.डिजिटल साक्षरता ।
१२. दलित, पिछडावर्ग तथा विपन्न समुदाय
१.दलित छात्रवृत्ति ।
२.आवास सुधार कार्यक्रम ।
३.रोजगारमूलक तालिम ।
४.आयआर्जन कार्यक्रम।

## २.६ खेलकुद तर्फ

- गाउँपालिका भित्र रहेका मैदानमध्ये उपयुक्त खेल मैदानलाई क्षेत्रीयस्तरको अत्याधुनिक सुविधा सम्पन्न रंगशाला निर्माण गर्न पहल सुरु भै सकेको छ ।
- खजुरीको पर्साहा मैदानमा राष्ट्रिय योजना आयोगबाट रंगशाखा निर्माणको बजेट तथा कार्यक्रम स्विकृत भएको छ ।
- सबै वडामा कम्तीमा एक खेल मैदानको विकास गरी फुटवल, भलिबल, हकी, क्रिकेट ब्याडमिन्टन जस्ता खेलकुदलाई प्रोत्साहन गर्न गाउँपालिका स्तरीय खेलकुद समितिको स्थापना गरिने छ ।
- युवाहरुलाई खेलकुदमा आकर्षित गर्न अध्यक्ष कप फुटबल खेलकुद, उपाध्यक्ष कप महिला फुटबल प्रतियोगिता आयोजना गरी यसलाई निरन्तरता दिईने छ ।
- समय समयमा विभिन्न किसिमका खेलकुद आयोजना गरी युवामा खेलकुद प्रति उच्च भावनाको विकास गराईने छ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलकुदमा भाग लिने गाउँपालिका क्षेत्रभित्रका उत्कृष्ट खेलाडी तथा जीत हासिल गराउन सहयोग पुऱ्याउने प्रशिक्षकहरुलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाईने छ ।

यसका साथै,
१.युवा नेतृत्व विकास ।
२.स्वरोजगार कार्यक्रम ।
विशेष कार्यक्रम
१."जनकनन्दिनी युवा स्टार्टअप कोष"
२.नवीन उद्यमलाई सहुलियतपूर्ण सहयोग ।.

## ३. पूर्वाधार विकासनीति

### ३.१ सडक तथा पुल

- स-साना सडकहरुमा रकम लगानी गर्दा रकम छरिन गई अपेक्षित प्रतिफल प्राप्त हुन नसक्ने

भएकाले क्षेत्रगत सन्तुलनलाई ध्यान दिदैं मापदण्ड अनुसार महत्वपूर्ण सडकहरु निर्माण तथा मर्मतको लागि मर्मत संभार कोष खडा गरी प्राथमिकताका साथ निर्माण कार्य बढाईने छ ।

- हरेक सडकको दायाँ बायाँ किनारामा मौसम अनुकुलका विरुवाहरु बृक्षारोपण गर्ने र संरक्षण गर्ने कार्यलाई अनिवार्य गरिनेछ ।
- भौतिक पूर्वाधारहरु खडा गर्दा बालबालिका, महिला अपांग र वातावरणमैत्री संरचनामा समेत विशेष जोड दिईनेछ । सडक क्षेत्रको विकासमा व्यापक जनसहभागिताको अपेक्षा सहित योजनाहरु संचालन गरिने छ ।
- नेपाल सरकार , गाउँपालिका , प्रदेश सरकार निजी क्षेत्र तथा जनसहभागिताका आधारमा ठूला पूर्वाधार निर्माण कार्य संचालन गरिने छ ।
- गाउँपालिका क्षेत्र भित्र योजना तयारीलाई पूर्णता दिई सबै वडालाई आफ्नै भूमीबाट सडक जोड्ने गरी **रिङ्गरोड** निर्माण कार्यको गुरुयोजना अन्तर्गत निरन्तरता दिनेछ ।
- यस गाउँपालिका अन्तर्गत आवश्यक्ता अनुसार झोलुङ्गे पुल निर्माण गरिने छ ।

यसका साथै,

१.सबै वडा केन्द्र जोड्ने सडक स्तरोन्नति निरन्तरता दिइने छ ।

२.कृषि सडक विस्तार गरिने छ ।

३.कालोपत्रे सडक निर्माण गरिने छ ।

भवन

१.वडा कार्यालय स्तरोन्नति गरिने छ ।

२.स्वास्थ्य संस्था तथा विद्यालय भवन निर्माण गरिने छ ।

## ३.२ सिंचाइ तर्फ

- आवश्यक र संभाव्य क्षेत्र पहिचान गरी सिंचाईको व्यवस्था गरिने छ ।
- नेपाल सरकारद्धारा निर्माण हुने आमा बाँध सिंचाई योजनाको पानीलाई समुचित सिंचाइको प्रवन्ध गरिने छ ।
- भुमिगत स्यालो ट्यूववेल, नयाँ प्रविधिमा आधारित सिंचाई, स्थल विशेष नदी नियन्त्रण कार्यक्रम को साथै सिंचाई मर्मत संभारका कामहरु गरिनेछ ।
- उत्पादनशिलता वढाउन र व्यावसायीक खेती प्रणालीको विकास गर्न संभव भए सम्म नमूना चक्लावन्दी भु.उपयोग प्रयोग गर्न समुदायलाई प्रोत्साहन गरिनेछ ।
- सिंचाई लाई प्रभावकारी बनाउन कृषि विद्युतिकरण गरि सिंचाईको थप व्यवस्था मिलाईने छ ।

CamScanner

## ३.३ भवन तथा सहरी विकास तर्फ

- सम्भावित प्रकोप, दुर्घटना र आम जनताको सुरक्षाको लागि शहरी विकास मन्त्रालयबाट जारी राष्ट्रिय भवन आचारसहिंता, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२ मा रहेका प्रावधान भन्दा कम नहुने गरी गाउँपालिकाले यसै वर्ष भित्र भवन निर्माण मापदण्ड बनाई कार्यान्वयनमा ल्याइने छ।
- नयाँ घर निर्माणको नक्सा पास गर्दा र पूराना घरको नियमित/अभिलेखीकरण गर्दा कम्तीमा " **एक घर एक विरुवा, एक घर एक फूल सहितको पाँच गमला** " लगाई हुर्काउनु पर्ने कार्यको थालनी गरिने छ।
- दिगो, नतिजामूलक विकास र दीर्घकालिन भौत्तिक विकासको लागि गुरुयोजना (Master Plan) गर्दै ५ वर्षे आवधिक गाउँ विकास योजना लगायत विभिन्न क्षेत्रगत योजनाहरु तर्जुमा तथा स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छ।
- स्थानीय तहको विकास निर्माणको लागि प्रयोग हुने सबै वस्तु तथा सेवाको दर रेट कायम गरी लागू गरिनेछ।
- विकास निर्माणमा प्रयोग हुने निर्माण सामग्री र कच्चा पदार्थको गाउँपालिका स्तरीय मापदण्ड तोकी सोही बमोजिम मात्र प्रयोगमा ल्याई पूर्वाधार विकासको गुणस्तर कायम गरिनेछ।
- सडक लगायत संरचनाहरुको आकस्मिक मर्मत संभारको लागि मर्मत संभार कोषको व्यवस्था गरिने छ।
- गाउँपालिकामा संचालन हुने सबै आयोजना र कार्यक्रमहरु संचालन गर्दा स्थानीय आवश्यकता , प्राथमिकता एवं लाभांवित वर्गको चाहना अनुरुप पूर्वाधार विकास हुने गरी संचालन गरिने छ।
- ३ लाख भन्दा माथिका आयोजनाहरु संचालन गर्दा अनिवार्य रुपमा आयोजना स्थलमा योजनासम्बन्धी जानकारीमूलक सूचना पाटी राख्न लगाईनेछ। जुनसुकै आयोजनाको शुरु अवस्था , निर्माण चरणको अवस्था र निर्माण भईसकेपछिको अवस्था स्पष्ट झल्कने तस्विर र योजनाबाट लाभ लिनेहरुको उपस्थितिमा भएको योजना सार्वजनिक परीक्षण प्रतिवेदन (**Public Audit Report**) लाई भुक्तानीको अभिन्न अंग मानी त्यसैको आधारमा योजनाको भुक्तानी दिने व्यवस्था गरिनेछ।
- सार्वजनिक, नदी उकास जग्गा अतिक्रमण गर्ने तथा सडक पेटी अतिक्रमण गर्ने कार्यलाई गाउँपालिकाले सम्बन्धित सरोकारवाला निकाय र जनसहभागिताबाट संरक्षण तथा नियन्त्रण गरिने छ।
- खोलानाला , सार्वजनिक ऐलानी, पर्ति जग्गाको अभिलेख राखी सार्वजनिक हितमा प्रयोग गरिनेछ ।
- प्रत्येक वर्ष निर्माण कार्यमा उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति, टोल विकास संस्थाहरुलाई पुरस्कृत गर्ने र खराव आचरण भएका उपभोक्ता र सहयोगीहरुलाई दण्ड सजाय गर्ने निति लिई गुणस्तरीय विकास निर्माणमा जोड दिइनेछ।
- गाउँपालिका क्षेत्रभित्र सडकका दायाँ बायाँ वृक्षारोपण गरी सडकलाई हरित सडकको रुपमा विकास

CS CamScanner

गरी रमणीय तथा पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

- सुन्दरता र शान्ति सुरक्षालाई कायम राख्न गाउँपालिकाको वडाकार्यालयहरु,मठमन्दिर,मदर्शा र मुख्य चौकमा सि.सि.टि.भि क्यामरा र सौर्य सडक वत्तिको व्यवस्थापन गर्दै यसलाई सबै क्षेत्रमा विस्तार गर्दै लगिने छ ।
- गाउँपालिका भित्र पूर्व निर्माण भएका र नयाँ निर्माण हुने घर सडकको मापदण्डलाई व्यवस्थित गर्न लगाई सरल प्रक्रिया अपनाई नियमित गर्ने र अभिलेखिकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- आवासिय भवनको नक्सा पास गर्ने प्राविधिक, इन्जिनियर, आर्किटेक्चरहरुलाई अनिवार्य सूचीकृतको व्यवस्था गर्ने र आवश्यकता अनुसार उनीहरुलाई तालिमको व्यवस्था गरिने छ ।
- गाउँपालिका प्रोफाइल निर्माण गरि विद्युतिय प्रणालीमा आवद्ध गरिने छ ।
- ढल तथा नाला निर्माणका पूर्वाधारहरुलाई स्तरोन्नति गरिने छ ।
- एकीकृत विकास योजना,आवासीय योजना, भू उपयोग योजना तर्जुमा गरी लागू गरिने छ ।
- सार्वजनिक,निजी र सरकारी क्षेत्रको सहभागिता विकास मार्फत गाउँपालिकाको अर्थतन्त्र सुदृढिकरण गरिनेछ ।

## ३.४ व्यवस्थित वस्ती विकास समिति नीति

- गाउँपालिका क्षेत्रभित्र जग्गा प्लटिङ्ग गर्दा गाउँपालिकाको सहमति आवश्यक पर्नेछ । गाउँपालिकाले एकिकृत जग्गा विकास योजना प्रतिवेदनको परिधि भित्र रही आवसिय क्षेत्र, औद्योगिक क्षेत्र, व्यवसायिक बजार क्षेत्रलाई तोकिएको स्थानमा मात्र मापदण्डको परिधि भित्र रहि सहमति दिने व्यवस्था मिलाईनेछ ।
- जग्गाको नयाँ प्लटिङ्गको अनुमति प्रदान गर्दा कम्तीमा ८ मिटर भन्दा बढि चौडा सडकसँग जोडिएको प्लटमा भित्री सडकहरु कम्तीमा ४ मिटर चौडा गरी खानेपानी,विद्युत पोल,ढल र सडकको स्तरोन्नती समेत गर्ने शर्तमा मात्र अनुमति प्रदान गरिनेछ ।
- अव खोलिने सबै नयाँ सडकहरुको चौडाई कम्तीमा ४ मीटर भन्दा कम नहुने गरी कायम गरिनेछ ।
- समुदायको अग्रसरतामा गरिने वस्ती विकासलाई प्रोत्साहित गरिनुको साथै प्राविधिक तथा आर्थिक सहयोग प्रदान गरिने छ । व्यवस्थित वस्ती विकासका लागि छुटै गुरु योजना बनाई लागु गरिनेछ ।
- अव्यवस्थित जग्गामा वर्षौ देखि बसोबास गरी आएका बसोबासीहरुको घर जग्गाको लगत संकलन गरी अभिलेख राख्ने र व्यवस्थित बसोवासको लागि अधिकारीक स्वामित्वका आधारमा लालपूर्जा वितरण गर्ने नेपाल सरकार सँग पहल गर्ने र बाँझो जमिनलाई उत्पादन मूलक कार्यमा प्रयोग गर्न लगाइने छ ।

## ३.५ संचार तर्फ

CamScanner

- ईन्टरनेटको माध्यमबाट सबै वडा कार्यालयबाट प्रदान भएका सेवालाई गाउँपालिकासँग जोडिने छ। विद्युतिय अनुगमनको शूरुवात गरिनेछ । अनलाईन मार्फत सेवा प्रवाह गर्दै सूचना प्रवाहलाई प्रभावकारी बनाईने छ।
- कार्यालयको कार्य सम्पादनमा सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्रका विशेष महत्वका चोक तथा बजार एवं सम्पदा क्षेत्रमा हुने गतिविधिहरुलाई नियमित निगरानीमा राख्न इन्टरनेट CCTV क्यामेराहरुको जडान गरी संचालनमा ल्याइनेछ।
- यस आ.व. भित्रमा यस जनकनन्दिनी गाउँपालिकाको सम्पूर्ण वस्तुस्थीती समेटिएको डिजिटल प्रोफईलको निर्माण गरिने छ।

**यसका साथै,**

१.अनलाइन सेवा प्रवाह।
२.डिजिटल अभिलेख व्यवस्थापन।
३.ई-हाजिरी प्रणाली।
४.डिजिटल राजस्व प्रणाली।
विशेष कार्यक्रम
१."स्मार्ट जनकनन्दिनी"
२.मोबाइल एप सञ्चालन।
३.अनलाइन गुनासो व्यवस्थापन।

### ३.६ विद्युत तथा वैकल्पिक उर्जा नीति

- शहरी सुन्दरता र सुरक्षा व्यवस्थालाई सुदृढ गर्न सरकारी तथा अन्य सहयोगी निकाय समेतको सहयोगमा गाउँको प्रमुख सडक तथा चोकहरुमा सौर्य सडक बतिको व्यवस्था गरिने छ।
- वैकल्पिक उर्जाको अवस्था , सम्भावना र अवसरहरुको व्यवस्थापन गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्र अव्यवस्थित विद्युतिकरणलाई व्यवस्थित गर्दै विद्युत नपुगेका ठाउँमा विद्युतिकरण गर्ने व्यवस्था मिलाइने छ।
- यस जनकनन्दिनी गाउँपालिका अन्तर्गत आवश्यक ठाउँहरुमा कृषि विद्युतिकरण गरिनेछ।

## ४. वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि नीति तथा कार्यक्रमहरु

### ४.१ वन वातावरण तथा जलवायु परिवर्तन

- गाउँपालिका क्षेत्रमा रहेका मुख्य मार्ग र अन्य सडकको दायाँ वायाँ सार्वजनिक निजी साझेदारी नीति अनुरुप वृक्षारोपण गरी हरित सडकको रुपमा विकास गरिने छ ।
- जलवायु परिवर्तनबाट गाउँपालिकामा पर्न सक्ने प्रभाव न्यूनीकरण गर्न सरोकारवाला निकाय, गै.स.स. तथा विकास साझेदारसँग समन्वय र सहकार्य गरी स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- अन्य सरकारी तथा गैरसरकारी संघ संस्थासँग सहयोग तथा समन्वय गरी वन, वातावरण , भू-संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धमा जनचेतनामूलक तथा संरक्षणमुखी विविध कार्यक्रम संचालन गरिनेछ ।

यसका साथै,
१.वृक्षारोपण अभियान।
२.जल संरक्षण कार्यक्रम।
३.प्लास्टिक न्यूनीकरण अभियान।
विशेष कार्यक्रम
१."हरित जनकनन्दिनी अभियान"
२.प्रत्येक घर एक बिरुवा।
३.प्रत्येक विद्यालय हरित विद्यालय।

## ४.२ विपद व्यवस्थापन तथा भू-संरक्षण नीति

- विपद पूर्व र पश्चात न्यूनीकरण गर्न कार्यक्रहरु संचालन गरिनेछ ।
- यस गाउँपालिकार छिमेकी नगरपालिकासँग साझेदारीमा वारुण यन्त्र खरिद गरी आगलागी जस्ता आकास्मिक तथा संभावित दुर्घटना बाट बचाउने कार्य गरिनेछ । आगलागी बाट हुने क्षतीलाई न्यूनिकरण गर्न गाउँपालिकाको कार्यालय, वडा कार्यालय, गाउँ क्षेत्र भित्रका पसल तथा उद्योगहरुमा **FIRE Extinguisher** राख्न उद्योग वाणिज्य संग सहकार्य गरी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका विपद् व्यवस्थापन कोष स्थापना भएको र सो कोषमा थप रकमको व्यवस्था गरिनेछ । यस कोषको अभिवृद्धिको लागि अन्य निकाय तथा गैर सरकारी संघ संस्था एवं शुभेच्छुक समेतबाट साझेदारीता अभिवृद्धि गरिने छ ।
- सार्वजनिक, पर्ति तथा नदि जन्य उकास जग्गाहरुको खोजी गरी जनसहभागितामा संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकामा आईपर्ने विपद्को पूर्व तयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको थालनी गरिनेछ । डुवान,कटान तथा भू-क्षय नियन्त्रणको लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल, समन्वय तथा सहकार्य गरिनेछ ।

- यस जनकनन्दिनी गाउँपालिकाको विपद व्यवस्थापनमा गै.स.स. साझेदारीमा सहकार्यगरी कार्य गरिनेछ ।

<u>यसका साथै,</u>

१.विपद् पूर्वतयारी योजना।

२.राहत कोष सञ्चालन।

३.उद्धार सामग्री व्यवस्थापन।

## ४.३ फोहोरमैला व्यवस्थापन तर्फ

- गाउँपालिकाको फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी गराई सार्वजनिक निजी साझेदारी **(3Ps)** मोडेलको अवधारणा अनुरुप फोहोर मैला व्यवस्थापन गरिनेछ ।

- शौचालय सरसफाईको दृष्टीकोणले आम जनताहरुलाई सेवा पुर्याउने उदेश्यले नियुन्तम दरमा उपलब्ध हुने गरि सेफ्टी ट्यांकीको व्यवस्थापन गरिने छ ।

## ५. संस्थागत विकास तथा सेवा प्रवाह सम्बन्धि नीति तथा कार्यक्रमहरु

- यस कार्यालय र अन्य सरकारी निकायहरुबाट जनतालाई उपलब्ध गराईने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको नागरीक वडापत्र समायानूकुल अद्यावधिक गरी लागू गरिने छ ।
- गाउँपालिकामा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन गर्ने, प्रगति समिक्षा गर्ने, आवश्यक समन्व्यात्मक बैठक गर्ने, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण मार्फत सुशासन अभिवृद्धिमा जोड दिइनेछ ।
- **"सूचना, तपाईको अधिकार"** भन्ने नारालाई कार्यान्वयन गरी सुशासन अभिवृद्धि गरिनेछ ।
- प्रशासनिक संयन्त्रलाई चुस्तदुरुस्त र मितव्ययी बनाई क्रमश: प्रशासनिक बजेटलाई घटाउदै विकास बजेटलाई बढाउने नीति अंगिकार गरिनेछ ।
- निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।
- कार्यालयको प्रशासनिक तथा भौत्तिक अवस्थालाई क्रमश: सुदृढ गर्दै लगिने छ ।
- वडा कार्यालयहरुको सुदृढिकरण गरी सेवा प्रवाहलाई सुदृढ गर्दै लगिने छ ।
- गाउंपालिकामा कार्यरत कर्मचारीहरु तथा जननिर्वाचित पदाधिकारीहरुको लागि आचारसहिंता

CamScanner

निरन्तारिकता दिनेछ ।

- सेवा प्रवाह कार्यलाई प्रभावकारी बनाउन पहिलो प्रवेश पहिलो सेवा प्रणाली (**First Come-first Service**) अवलम्बन गरिने छ ।
- गाउँपालिका अन्तर्गतका सबै कार्यालयहरु सेवाग्राही मैत्री बनाइने छ ।
- राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कार र गलत काम गर्नेलाई कारवाहीको व्यवस्था गरिने छ ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरु मध्ये कार्यबोझको आधारमा मापदण्ड निर्धारण गरी प्रोत्साहन भत्ताको व्यवस्था गरिने छ ।
- पदाधिकारी एवं कर्मचारीको क्षमता विकास अभिवृद्धि र प्रोत्साहनको लागी प्रतिफल युक्त तालिम तथा अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।
- गाउँपालिकाको सम्पूर्ण सेवालाई महिला,बालबालिका र युवा मैत्री बनाउन प्रयत्न गरिने छ र सबै गाउँवासी जनतालाई सूचनाको हक अधिकारको पूर्णरुपमा प्रत्याभुति दिलाइने छ ।
- अन्तर सम्बन्धको विकास गर्दै विदेशका उत्कृष्ट गाउँपालिका सँग भगिनी सम्बन्ध स्थापना गर्न पहल गरिने छ ।

यसका साथै

<u>सुशासन तथा संस्थागत विकास</u>

कार्यक्रम

१.सार्वजनिक सुनुवाइ।

२.सामाजिक परीक्षण।

३.बेरुजु न्यूनीकरण अभियान।

४.कार्यसम्पादन मूल्याङ्कन।

लक्ष्य

१.बेरुजु दर ५० प्रतिशतले घटाउने।

## ६. वित्तिय व्यवस्थापन तथा सुशासन सम्बन्धि नीति तथा कार्यक्रमहरु

- संघीय सरकार, महालेखा परिक्षणको कार्यालय, महालेखा नियन्त्रण कार्यालय तथा केन्द्रिय लेखा प्रणलीका आम्दानी तथा खर्च शिर्षकहरुमा गाउँपालिकाको आम्दानी तथा व्ययका शिर्षकहरुलाई मिलान हुने गरी योजना तथा लेखा प्रणाली संचालन गरिने छ ।
- राजस्व सम्बन्धमा विस्तृत अध्ययन गरी प्रतिवेदन लिई करका दायरालाई अभिवृद्धि गरिने छ ।
- गाउँपालिकामा करको दायरामा आउन नसकेका र ल्याउन नसकिएका व्यवसायी तथा गाउँपालिका वासीहरुको पहिचान गरी दायरामा ल्याउन प्रयत्न गरिने छ ।
- कर संकलन प्रक्रियालाई पारदर्शी बनाउने, अभिलेखीकरणलाई व्यवस्थित गर्ने तथा २०७६ श्रावण १

CamScanner

गते देखि **एकिकृत सम्पत्तिकर** लागू गरिएकोमा उक्त कार्यलाई निरन्तर्ता दिइने छ ।

- कर सचेतना सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।
- उत्कृष्ट कर तिर्ने करदातालाई सम्मान तथा पुरस्कृत गर्ने अख्तियारी गरिने छ । यसक्रममा बार्षिक **रु. पचास हजार** भन्दा बढी कर तिर्ने करदाताहरुको अभिलेख राखी निजहरुलाई विशेष रुपले पुरस्कृत र सम्मान गर्ने व्यवस्था शुरु गरिनेछ ।
- अनावश्यक खर्च नियन्त्रण गरिने छ । खर्चलाई नतिजासँग आवद्ध गर्ने प्रणालीलाई संस्थागत गरिने छ

## ७. राजस्व परिचालन

- एकिकृत सम्पति कर लागु गर्न आवश्यक तयारी गरिनेछ ।
- करको संभावित नयाँ क्षेत्रको पहिचान अध्ययन गरिनेछ ।
- कर तथा राजस्वको दायरामा आउन छुटेका व्यक्ति तथा संस्थाहरुलाई करको दायरामा ल्याइनेछ ।
- करदाताहरुको अभिलेख प्रविधिमा आधारीत गरिनेछ ।
- करदातामैत्री सहयोग कक्ष (**Help Desk**) स्थापना गरिनेछ ।
- सरकारी निकाय तथा सार्वजनिक संस्थानहरुसंग कर सम्बन्धि सूचना आदान प्रदान गरिनेछ ।
- राजस्व संकलन र बाँडफाँडको विधि एवं प्रक्रिया निर्धारण गरिनेछ ।
- घर वहाल कर संकलन गरिनेछ । घर वहाल कर प्रयोजनको लागी क्षेत्र निर्धारित गरेर न्यूनतम मासिक दर कायम राखेर राजस्व संकलन गरिनेछ ।
- व्यवसाय कर संकलनका लागी वडा कार्यालयहरुमा व्यवसाय दर्ता गरी व्यवसाय लगत राखि व्यवसाय दर्ता अभियानको रुपमा संचालन गरिनेछ ।
- वडा कार्यालयहरुको प्रभावकारी व्यवस्थापन गरी वडा कार्यालयमा व्यापार व्यवसायको लागी संकलन, दर्ता र नविकरणको व्यवस्था मिलाईनेछ ।

यसका साथै,
१.करको दायरा विस्तार गरिने छ ।
२.करदातामैत्री सेवा प्रवाह गरिने छ ।
३.राजस्व चुहावट नियन्त्रण गरिने छ ।
लक्ष्य
१.आन्तरिक राजस्व २० प्रतिशत वृद्धि गरिने छ ।

## ८. बजेट निर्माण तथा कार्यान्वयन सम्बन्धी नीति

- आएका बजेटलाई छलफलगरी सोही अनुसार टोल/टोल, वस्ती/वस्ती हुँदै वडा कार्यालयबाट

प्राथमिकताको आधारमा छनौट गरिने छ। बजेट निर्माणको केन्द्र वडालाई मानिएको छ।

- जनसहभागिता अभिवृद्धि गर्नको लागि साझेदारी नीतिलाई प्रवर्द्धन गर्ने नीतिलाई प्रमुखता दिइने छ।
- गाउँपालिकाको असिमित आवश्यकता र चाहनालाई पूरा गर्नको लागि सबै वडा कार्यालयहरुबाट पेश भएका योजनाहरुमा बजेट नपूग भएकोले योजनाहरुलाई एकत्रित गरी योजना बैंकको रुपमा राखिने र ति योजनाहरुको प्राथमिकताको आधारमा लाग्ने थप रकम निकासाको लागि प्रदेश सरकार र संघीय सरकारसँग माँग गरिने छ।

## ९. राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम तर्फको निती

- स्थानिय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनालाई निरन्तरता तथा प्राथमिकता साथ संचलान गरी श्रममूलक आयोजना मार्फत समुदायको विकासमा जोड दिईनेछ।
- यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना शसक्त रुपमा कार्यान्वयन गरिनेछ।
- गाउँपालिकामा संचालित संघ, प्रदेश तथा स्थानीय तहका योजनामा आवश्यक श्रमिक उपलब्ध भएसम्म रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरु नै लगाईने व्यवस्था गरिनेछ।
- स्थानीय तहमै रोजगारीको सम्भावना पत्ता लगाउन रोजगार नक्शांकन कार्य अघि बढाईने छ।
- स्थानीय तहमा रोजगारमूलक कार्य सृजना गर्न निजी, सरोकारवाला निकाय तथा गैर्हसरकारी संस्था सँग सहकार्य र समन्वयमा जोड दिईनेछ।
- सूचिकृत बेरोजगारहरुको ज्ञान, सीप, योग्यता, अनुभव र आवश्यक मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिंचान समेत गरी सम्बन्धित तालीम केन्द्रमा सिफारिस गरिनेछ।
- रोजगार सेवा केन्द्रलाई व्यवस्थित गरी श्रम बैंक स्थापना गर्ने नेपाल सरकारको योजनालाई यस गाउँपालिकाको ६ वटै वडा मार्फत प्राथमिकतामा राखी थप प्रभावकारी वनाई रोजगार प्राप्तीलाई सहज बनाईने छ।

## १०. रेमि परियोजना तर्फ :

- यस पालिकामा नेपाल सरकारबाट संचालित रेमि परियोजना अन्तर्गत वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको लगत संकलन गरी रोजगारीको अवस्थाहरु पहिचान गरि कार्यान्वयन गरिने छ।
- यस जनकनन्दिी गाउँपालिकाले श्रम अप्रवाशन नीति बनाई लागु गर्ने छ।
- गाउँपालिकाको आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन बनाई सोही अनुरुपका गतिविधीहरु लागु गर्ने छ।
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको लागी स्वरोजगार कार्यकम मार्फत अनुदान रकम उपलब्ध गराईनेछ।
- वैदेशिक रोजगारीबाट फर्केका एवम् जान चाहने व्यक्तिहरुको लागि मनोपरामर्ष सेवा उपलब्ध गराईने

CamScanner

छ ।

- वैदेशिक रोजगारिबाट फर्किएका व्यक्तीहरुको लागि पुन : एकिकरण कार्यक्रम निरन्तरता दिने ।

**११. सार्वजनिक-निजी साझेदारी**

१.निजी क्षेत्रसँग सहकार्य।
२.कृषि तथा उद्योगमा लगानी आकर्षण।
३.सहकारी-निजी क्षेत्र-सरकार साझेदारी मोडेल।

**१२. रूपान्तरणकारी (Flagship) कार्यक्रम**

१. स्मार्ट जनकनन्दिनी अभियान
२. एक वडा एक उत्पादन
३. स्वस्थ जनकनन्दिनी अभियान
४. पढौं जनकनन्दिनी अभियान
५. हरित जनकनन्दिनी अभियान
६. युवा स्टार्टअप कोष
७. महिला उद्यमशीलता मिशन
८. डिजिटल गाउँपालिका कार्यक्रम
९. कृषि आधुनिकीकरण परियोजना
१०. सुरक्षित खानेपानी कार्यक्रम
११. सर्पदन्स उपचार कार्यक्रम

**१३. अपेक्षित उपलब्धि**

यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट:
१.कृषि उत्पादन वृद्धि हुनेछ ।
२.वेरोजगारी घट्नेछ ।
३.शिक्षा र स्वास्थ्यको गुणस्तर सुधार हुनेछ ।
४.पूर्वाधार विकासले गति लिनेछ ।
५.राजस्व संकलन बढ्नेछ ।
६.सेवा प्रवाह प्रभावकारी हुनेछ ।
७.समावेशी विकास सुनिश्चित हुनेछ ।

उपस्थित गाउँसभासद ज्यूहरु,

माथि प्रस्तुत गरेका नीति तथा कार्यक्रमको आधारमा आर्थिक वर्ष २०८३/०८४ का लागि आय व्यय प्रस्ताव गरिएको व्योहोरा सम्मानीत सभामा निवेदन गर्न चाहन्छु । कुल अनुमानित बार्षिक बजेट रु.४६,१६,००,०००।- ( अक्षरेपी छयालीस करोड सोह्र लाख) मात्र अनुमान गरिएको छ । जसमा संघीय सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदानको रकम रु. ९ करोड २४ लाख तथा संघीय सरकारबाट प्राप्त सशर्त अनुदान चालु एवम पुजिँगत तर्फ १९ करोड, संघबाट प्राप्त अनुमानित राजश्व वाडफाँड रकम रु. ८ करोड ८० लाख, संघीय सरकारबाट प्राप्त विषेश अनुदान चालु एवम् पुजिँगत तर्फ १ करोड ५० लाख, संघीय सरकारबाट प्रापत सम्पुरक अनुदान १ करोड २५ लाख मात्र समावेश गरिनुका साथै मधेश प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदानको रकम रु. ६० लाख, प्रदेश सरकारबाट प्राप्त सवारी साधन कर बाँडफाड रकम रु. ३२ लाख र आन्तरिक श्रोत तर्फ आल्य समेत अनुमानित रकम रु. ३ करोड ३० लाख गरि आ.व. २०८३/०८४ को अनुमानित बार्षिक वजेट रकम रु. ४६ करोड १६ लाख रुपैया मात्र अनुमान गरिएको छ ।

यसै अर्न्तगत सशर्त अनुदान तर्फको रकम स्वास्थ्य, शिक्षा, पशु,कृषि,महिला विकासमा वजेट खर्च गरिनेछ । गाउँपालिकाको राजश्व वाडँफाड तथा वित्तीय समानिकरणको चालु तर्फको खर्च रकम गाउँपालिकाको प्रशासनिक खर्च, सशक्तिकरण सीप विकास तथा लक्षित समुह विकास जस्ता कार्यक्रम खर्च, विद्यालय तथा स्वास्थ्य संस्थाको प्रशासनिक र कार्यक्रम खर्च एवं अन्य चालु प्रकृतिको बजेट समावेश गरिएको छ भने पूँजिगत खर्च तर्फको खर्च सार्वजनिक निमार्ण, फर्निचर फिक्चर, मेसिनरी औजार तथा वडा स्तरिय योजना जस्ता खर्चमा समावेश गरिएको छ । त्यस्तै प्रदेश सरकार र अन्य निकायबाट प्राप्त रकम निति निर्देशन बमोजिम खर्च गरिने तथा आन्तरिक आम्दानीको वजेट रकम कार्यालय संचालन तथा विकास निमार्ण जस्ता कार्यमा खर्च गर्नेगरी चालु तर्फ ६७ प्रतिशत र पुँजीगत तर्फ ३३ प्रतिशत गरि यस आ.व.को कुल अनुमानित व्यय रकम रु.४६,१६,००,०००।- (रु. ४६ करोड सोह लाख मात्र) खर्च हुने अनुमान गरिएको छ ।

त्यसैगरि आ.व. २०८३/०८४ को प्रदेश सरकार शसर्त अनुदान तर्फबाट प्राप्त हुन आउने रकम लगायत अन्य विभिन्न शिर्षकहरुको वजेट अख्तियारी प्राप्त भएमा नियमानुसार यस जनकनन्दिनी गाउँकार्यपालिकाको बैठक वमोजिम गर्ने गराउने गरि आगामी आ.व.को वजेट प्रस्तुत गरेकी छु ।

माथि उल्लेखित नितिहरुमा जनकनन्दिनी गाउँपालिकाको लक्ष्य हाँसिल गर्न समयानुकुल फेर बदल गरि वा परिमार्जन समेत गरि कार्यन्वयन गरिनेछ । साथै उल्लेखित नितीहरुको व्यवस्थित कार्यन्वयनका लागि आवश्यक कार्यविधिहरुको समेत तर्जुमा गरि लागु गरिनेछ ।

अन्त्यमा, यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सम्पूर्णको रायहरुले उल्लेखनिय योगदान पुर्याउनु भएकोले लागि रहेकोले गाउँसभा सदस्यज्यूहरू, राजनीतिक दलहरू, नागरिक समाज, निजी क्षेत्र, सञ्चार जगत, विकास साझेदार तथा सम्पूर्ण जनकनन्दिनीवासीमा हार्दिक सहयोगको अपेक्षा गर्दछु ।

“समृद्ध जनकनन्दिनी, सुखी जनकनन्दिनीवासी“ निर्माणको साझा अभियानमा सबैलाई एकताबद्ध हुन आह्वान गर्दछु।

**धन्यवाद !**

**कमला सहगल,**
**उपाध्यक्ष**
**जनकनन्दिनी गाउँपालिका**
**खजुरी, धनुषा**

CamScanner